# नेपालगञ्ज उपमहानगरपालिकाको

# विनियोजन ऐन, २०७४

**नगरसभाबाट स्वीकृत मितिः २०७४।०८।०८ गते**

**प्रस्तावना :** नेपालगञ्ज उपमहानगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम नेपालगञ्ज उपमहानगरपालिका सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम "नेपालगञ्ज उपमहानगरपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७४।०७५ को निमित्त नेपालगञ्ज उपमहानगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. २,७७,०९,०१,५९६।०१ (अक्षरुपी रु.दुई अरव सतत्तर करोड नौ लाख एक हजार पाँच सय छियानब्बे र पैसा एक मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त नेपालगञ्ज उपमहानगरपालिकाको नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको बढिमा २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी

शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । यसरी रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत बार्षिक बजेटको अधिनमा रही गर्नुपर्नेछ ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम (रु.मा)

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १. | नेपालगञ्ज नगरकार्यपालिका | २६८,७१८,०००.०० | २,०२०,९४०,७३४.०० | - | २,२८९,६५८,७३४.०० |
| २. | वडा समिति | - | १७७,१०१,८६२.०१ | - | १७७,१०१,८६२.०१ |
| ३. | बिषयगत शाखा | ८५,००१,०००.०० | १,१४०,०००.०० | - | २८६,१४१,०००.०० |
| ४. | ऋणको सावा व्याज भुक्तानी | ८,०००,०००.०० | १०,०००,०००.०० | - | १८,०००,०००.०० |
| ५. | लगानी (शेयर/ऋण) | - | - | - | - |
| | **जम्मा** | **५६१,७१९,०००.००** | **२,२०९,१८२,५९६.०१** | - | **२,७७०,९०१,५९६.०१** |

..........................

**डा.धवल शम्शेर राणा**

**नगर प्रमुख**

**नेपालगञ्ज उपमहानगरपालिका**

**नेपालगञ्ज, बाँके**

**प्रदेश न.५, नेपाल**

***प्रमाणिकरण मिति : ईति संवत २०७४ साल मंसिर ८ गते रोज ६ शुभम् ।***